**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

## प्रमुख समाचार

- पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदानको लागि अब केवल 11 दिन रहेको छ अनि चुनाव प्रचार अभियान तिब्र बनेको छ।
- भाजपाका वरिष्ठ नेता अनि प्रधानमंत्री नरेंद्र मोदीले आज सिलगडीको कावाखालीमा विशाल परिवर्तन संकल्प रैलीमा भाग लिनुहुनेछ।
- इण्डियन गोर्खा जनशक्ति फ्रण्टको केन्द्रिय संयोजक अजय एडवर्ड्सले हिज स्थानीयहरुको श्रमदानमा निर्माण गरिएको मार्गरेट्स होपमुन्तिर बाँसघारी र कफीबारीलाई जोड्ने परिवर्तन पुलको उद्धाटन गर्नुभयो।
- दार्जिलिङको साउथफिल्ड कलेजको शिक्षा विभागका शिक्षिका डा. प्रतिष्ठा गुरुङले डक्टर अफ् फिलोसोफी (पीएचडी) उपाधि प्राप्त गरेका छन्।
- मौसम विभागले पूर्वोत्तर भारतमा अनि पश्चिम बंगालको निम्न हिमालय छेत्रका केहि स्थानहरुमा आगामी दुई दिनमा बिजुली चम्किने अनि तिब्र हावा सितै गर्जन साथ तूफान आउने संभावना ब्येक्त गरेको छ।

## पश्चिम बंगाल चुनाव डिटेल

पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदानको लागि अब केवल 11 दिन रहेको छ अनि चुनाव प्रचार अभियान तिब्र बनेको छ। देशका शीर्ष राजनीतिक दलका नेताहरुले राज्य भरिमै जनसभाहरुलाई संबोधित गरिरहेका छन्।भारतीय जनता पार्टीको तर्फबाट प्रधानमंत्री नरेंद्र मोदीले आज बिहान लगभग 11 बजे सिलगडीको कावाखालीमा एक जनसभालाई संबोधित गर्नुहुनेछ। उत्तर प्रदेशका मुख्यमंत्री योगी आदित्यनाथ पनि चुनाव प्रचारमा सक्रिय रहेका छन्। उहाको रैलि बांकुराको सोनामुखी अनि त्येस पछि पूर्व मिदनापुरको नंदकुमार अनि कांथी दक्षिणमा आयोजित हुनेछ।तृणमूल कांग्रेसको तर्फ बाट मुख्यमंत्री ममता बनर्जीले पूर्व बर्धमान, पश्चिम बर्धमान अनि बांकुरा जिल्लाहरुमा बिभिन्न जनसभाहरुलाई संबोधित गर्नुहुनेछ।यसै बीच, हुगलीमा पनि तैयारिहरु चरममा छ , जहां तृणमूल कांग्रेसका अखिल भारतीय महासचिव अभिषेक बनर्जीले डनलप फैक्ट्री मैदानमा समर्थकहरुलाई संबोधित गर्नुहुनेछ। यो रैली चुचुड़ा अनि सप्तग्राम विधानसभा क्षेत्रहरुका उम्मीदवारहरुको समर्थनमा आयोजित गरिन्दैछ।

## पश्चिम बंगाल-चुनाव प्रचार

पश्चिम बंगाल विधानसभा चुनावको लागी प्रचार तिब्र बनेको छ। प्रमुख राजनीतिक दलहरुका शीर्ष नेताहरुले रैलिहरुलाई संबोधित गरिरहेका छन्। प्रधानमंत्री अनि भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेंद्र मोदीले हिज **कटवा, जंगीपुर अनि कुशमंडीमा** तीन रैलिहरुलाई संबोधित गर्नुभयो। उहाले राज्यमा घुसपैठको मुद्दा माथि भाजपाको अभियानलाई अझ तिब्र बनाउदै तुष्टीकरणको राजनीतिलाई समाप्त गर्न **समान नागरिक संहिता** लागू गरिने बताउनुभयो। पार्टीले बंगालिहरुलाई राज्यमा अल्पसंख्यक बन्न नदिने उहाले अझ बताउनुभयो। श्री मोदीले आगामी विधानसभा चुनावलाई पश्चिम बंगालको पहिचान अनि भविष्यको रक्षाको लड़ाई बताउनु भयो। उहाले भाजपा सत्तामा आए पारदर्शी प्रशासनको वादा गर्दै तृणमूल कांग्रेस माथि भ्रष्टाचार अनि कुप्रशासनको आरोप लगाउनु भयो। तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले बांकुरा, पश्चिम मिदनापुर अनि झाड़ग्राममा जनसभालाई संबोधित गर्नुभयो।

## Pm-सिलगडी

प्रधानमंत्री नरेंद्र मोदीले कडा सुरक्षा बीच हिज सिलगडीमा मेगा रोड शो गर्नुभयो। उहाले बागडोगरामा बिहार मोर देखि रोड शो को शुरुआत गर्नुभयो। प्रधानमंत्रीको स्वागतको लागि राजमार्गको दुवै तर्फ हजारों मानिसहरु उपस्थित थिए। श्री मोदीले मानिसहरुको अभिवादन गर्नुभयो। रोड शो को अवधि श्री मोदीले आफ्नो लश्करलाई रोकेर एंबुलेंसहरुलाई छोडीदिनुभयो। उहाले आफ्नो लश्कर बिभिन्न स्थानहरुमा रोकेर मानिसहरुको अभिवादन गर्नुभयो। उहाले उत्तर बंगालको दक्षिण दिनाजपुर जिल्ला अन्तर्गत कुश्मंडीमा भाजपाको रैलीलाई संबोधित गर्नुभए पछि हिज साझ बागडोगरा हवाई अड्डा आइपुग्नुभयो। उहाले आज सिलगडीको कवाखालीमा भाजपा परिवर्तन संकल्प रैलीलाई संबोधित गर्नुहुनेछ। रैलीमा दार्जिलिंग, कलेबुंग अनि जलपाईगडीका हजारों पार्टी कार्यकर्ताहरु अनि समर्थकहरुले भाग लिने आशा छ। श्री मोदीले 13 विधानसभा क्षेत्रहरुमा पार्टी उम्मेदवारहरुको पक्षमा प्रचार गर्नुहुनेछ। भाजपा दार्जिलिंग जिल्लाको सबै 5 सीटहरु , कालेबुंग जिल्लाको 1 सीट अनि जलपाईगडी जिल्लाको 7 सीटहरुमा चुनाव लडीरहेको छ। आजको रैलीलाई ध्यानमा राख्दै सुरक्षा व्यवस्था कडा गरिएको छ। TMC नेता अनि मुख्य मन्त्रि ममता ब्यनेर्जीको आगामी 15 तारिख सिलगडीमा रयालीलाई सम्बोधित गर्नुहुने कार्यक्रम रहेको छ |

**<u>संघ – खंडन</u>**

पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले केशियाड़ीमा आयोजित चुनावी जनसभा अवधि राष्ट्रीय स्वयंसेवक संघको स्थानीय प्रशिक्षण केंद्रलाई लिएर विशेष प्रशिक्षण दिएको आरोप लगाउनु भयो जसलाई संघले पूर्ण रुपमा रद्द गरिदिएको छ। मुख्यमन्त्रीले चुनावी सभालाई संबोधित गर्दै केशियाड़ी क्षेत्रमा संघको एउटा बलियो ठिकाना रहेको बताउनुदै त्यहाँ विशेष प्रशिक्षण दिईने गरेको बताउनुभएको थियो। मुख्यमंत्रीको यस बयान पछि संघको तर्फबाट कडा प्रतिक्रिया अघि आएको छ। दक्षिण बंगालका प्रचार प्रमुख बिप्लव रायले आरोपलाई पूर्ण रुपमा रद्द गर्दै भन्नुभयो -15 बर्षसम्म सत्तामा रहेता पनि मुख्यमन्त्रीले बंगाललाई राम्रो संग जानेका छैनन्। उहाले भन्नुभयो केशियाड़ीमा संघको कुनै प्रशिक्षण केंद्र छैन अनि मुख्यमंत्रीको आरोप पूर्ण रुपमा निराधार छ।

**<u>परिवर्तन -झोलुङ्गे पुल</u>**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टको केन्द्रिय संयोजक अजय एडवर्ड्सले हिज स्थानीयहरुको श्रमदानमा निर्माण गरिएको मागरिट्स होपमुन्तिर बाँसघारी र कफीबारीलाई जोड्ने परिवर्तन पुलको उद्घाटन गर्नुभयो। यो झोलुङ्गे पुल स्थानीयहरुले श्रमदान गरेर छ महिनामा निर्माण गरेको बताइएको छ।

झोलुङ्गे पुलको उद्घाटन कार्यक्रमलाई सम्बोधित गर्दै एडवर्ड्सले यो परिवर्तन पुल स्थानीयहरुको श्रमदानद्वारा निर्माण गरिएको र यसको सम्पूर्ण श्रेय स्थानीयहरुलाईनै जान्छ भनि बताउनुभयो। उहाले खरसाङ विधानसभा समष्टिको लागि पार्टीका उम्मेदवार बन्दना राईलाई भोट गर्न अपील गरे।कार्यक्रमलाई उम्मेदवार बन्दना राईले पनि सम्बोधन गरेका थिए। यस परिवर्तन पुलको उद्घाटनपछि स्थानीयहरुलाई धेरै सुविधा हुने अपेक्षा गरिएको छ।

**<u>डीजल निर्यात शुल्क</u>**

सरकारले डीजल माथि निर्यात शुल्क **21 रुपिया 50 पैसा प्रति लीटरले** बढ़ाएर **55 रुपिया 50 पैसा प्रति लीटर गरेको छ**। वित्त मंत्रालयले जानकारी दिए अनुसार विमानन टरबाइन ईंधन माथि पानि शुल्क **29 रुपिया 50 पैसा प्रति लीटर देखि** बढ़ाएर **42 रुपिया प्रति लीटर गरेको छ**। पेट्रोल माथिको निर्यात शुल्क भने शून्य रहनेछ।

**<u>अमर लामा</u>**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको खरसाङ विधानसभा समष्टिका उम्मेदवार अमर लामाले आफ्नो जीतप्रति आफु आशावादी रहेको बताएका छन्। उहाले आफ्नो जीत पक्का रहेको दाबी गर्दै खरसाङ विधानसभा समष्टिका 16 वटै समष्टिहरुमा चुनावी प्रचार प्रसार र चुनावी सभाहरूमा सबैबाट राम्रो प्रतिक्रिया आफु जीतप्रति आशावादी रहेको बताएका छन्। उहाले खरसाङमा पत्रकारहरुलाई सम्बोधन गर्दै भन्नुभयो - चुनाउपछि मलाई खरसाङका जनताले सजिलै भेट्न सक्छन्, किनभने म खरसाङमै बस्नेछु र मेरो खरसाङमै कार्यालय हुनेछ साथै मिरिकमा पनि कार्यालय हुनेछ।' अमर लामाले अझ भन्नुभयो विधायक बनेर गएपछि विशेष गरेर चियाबारी श्रमिकहरुको निम्नत्तम रोजगारको लागि काम गर्नेछु। साथै, सिन्कोना बगानका श्रमिकहरुको

हाजिरा वृद्धि, सिन्कोना बगानको जमीनको मालिकनामा हक दिलाउन काम गर्नेछु। खरसाङमा पार्किङको समस्या समाधान गर्न काम गर्ने, खरसाङ महकुमा अस्पतालको अपग्रेड गर्न काम गर्ने , युवाहरुका लागि स्पोर्ट्स अकादमी खोल्ने योजना रहेको पनि उहाले बताउनुभयो । स्किल डेभलपमेन्ट इन्स्टिट्यूट खोल्ने, रोहिणी र पेशोकमा प्राथमिक स्वास्थ्य केन्द्र निर्माण गर्ने, सुखे पोखरी खण्ड ठूलो भएकोले सोनादा क्षेत्रको लागि अलग्गै खण्ड बनाएर सोनादामा खण्ड कार्यालय बनाउने, सोनादामा अग्निशमन केन्द्र बनिरहेको अनि मङ्पु र तीनधारे क्षेत्रमा अग्निशमन केन्द्र निर्माण गर्न काम गर्ने उहाले अझ बताउनुभयो ।

## सोनाम लामा - चुनाउ प्रचार

खरसाङ विधानसभा समष्टिको लागि भारतीय जनता पार्टीका उम्मेदवार सोनाम लामाले हिज मङ्पू बजार क्षेत्रमा आफ्नो चुनाउ प्रचार गरे। यस अवसरमा उहाले भाजपा कार्यकर्ताहरूको उत्साह, जनताको माया तथा गठबन्धनका साथीहरूको साथले भाजपाको जीत निश्चित देखिएको दाबी गरेका छन्। चुनाव प्रचारको क्रममा उहाले यस क्षेत्रमा धैरै समस्याहरू रहेको बताउनुभयो , विशेषगरी सिनकोना प्लान्टेशनका कामदारहरूको समस्या गम्भीर छ। मङ्पू एउटा ठूलो क्षेत्र भए पनि यहाँ फायर ब्रिगेडको सुविधा छैन। कुनै अप्रिय घटना भएमा खरसाङ वा दार्जिलिङबाट फायर ब्रिगेड बोलाउनुपर्ने अवस्था छ। सडकको अवस्था पनि उस्तै कमजोर छ र अन्य धैरै समस्याहरू छन्, जसको समाधान आउने सरकारले गर्ने उहाले प्रतिबद्धता व्यक्त गर्नुभयो । मङ्पूमा आयोजित चुनाउ प्रचार विषयमा पत्रकारहरुसित कुराकानी गर्दै भारतीय जनता पार्टीको दार्जिलिङ जिल्ला अध्यक्ष सञ्जीव लामाले पनि जानकारी गराएका थिए।

## प्रा डा. प्रतिष्ठा गुरुङ - पीएचडी उपाधि

दार्जिलिङको साउथफिल्ड कलेजको शिक्षा विभागकी शिक्षिका डा. प्रतिष्ठा गुरुङले डक्टर अफ् फिलोसोफी (पीएचडी) उपाधि प्राप्त गरेका छन्। उहाले कूचबिहार पञ्चानन बर्मा विश्वविद्यालयमा सफलतापूर्वक अन्तिम भाइवाको बचाव गरेपछि यो उपाधि प्राप्त गरेका हुन्। उहाको शोधको शीर्षक “पश्चिम बङ्गालका पहाडी क्षेत्रहरूमा उच्च शिक्षामा महिलाहरूको पहुँच, सहभागिता र सफलता” रहेको थियो। यो शोध डा. सुनन्दिता भोमिक (शिक्षा विभाग, कूचबिहार पञ्चानन बर्मा विश्वविद्यालय) को निर्देशनमा सम्पन्न भएको थियो।डा. गुरुङले दार्जिलिङको सेन्ट टेरेसाको स्कूलबाट स्कूली शिक्षा, लोरेटो कलेजबाट स्नातक तहको अध्ययन, रामकृष्ण बीटी कलेजबाट ब्याचलर अफ् एजुकेसन (बीएड) र विश्वभारती विश्वविद्यालयबाट स्नातकोत्तर डिग्री हासिल गरेका हुन्। उनी हाल साउथफिल्ड कलेजको शिक्षा विभागमा कार्यरत छन्।

## मौसम

मौसम विभागले आंध्र प्रदेश, तटीय कर्नाटक, गुजरात, ओडिशा, तमिलनाडु, पुद्दुचेरी अनि कराईकलमा भोलि सम्म गरम अनि आद्रतापूर्ण मौसमको अनुमान व्यक्त गरेको छ । पूर्वोत्तर भारतमा आगामी दुई दिनमा बिजुली चम्किने अनि तिब्र हावा सितै गर्जन साथ तूफान आउने संभावना छ ।

****** ० ******